प.स. १० (०७८/७९)


स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था, नेपाल

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION, NEPAL



**President**
Mr. Krishna Pd. Acharya

**Vice President**
Mr. Ashish Garg
Mr. Ganesh Karki
Mr. Mohan Kr. Dangi

**Secretary General**
Er. Gore Sherpa

**Secretary**
Mr. Balaram Khatiwada
Mr. Bharat Bdr. Khatri
Mr. Ram Pd. Acharya

**Treasurer**
Mr. Ananda Chaudhary

**Executive Committee Members**
Mr. Bharat Kumar Khadka
Mr. Bikram Bista
Mr. Prakash C. Dulal
Mr. Uttam Bhlon Lama
Ms. Abhigya Malla
Ms. Kabita Pokharel Kadel
Mr. Narendra Ballav Panth

**Imme. Past President**
Mr. Shailendra Guragain


मिति : २०७८/५/२०

श्रीमान् अध्यक्ष ज्यू

विद्युत नियमन आयोग

सानो गौचरण, काठमाडौं

विषय : विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति सम्बन्धी निर्देशिका, २०७८ को मस्यौदामा तिन महले प्रतिक्रिया सम्वन्धमा ।

महोदय,

उपरोक्त विषयमा तहाँ विद्युत नियमन आयोगबाट जारी गरिएको विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति सम्बन्धी निर्देशिका, २०७८" को सम्बन्धमा विभिन्न समाचारहरु आइरहेको, जलविद्युत उद्यमी र आयोगका सदस्यहरु विच भएका विभिन्न छलफलहरुमा उठेका विषयहरुमा स्वतन्त्र उर्जा उत्पादकहरुको संस्था, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । यस संस्थाको १३७ औं कार्यसमिति बैठकले उक्त प्रस्तावित निर्देशिका हुवहु लागु भएमा नेपालमा निजी लगानीको सबैभन्दा ठूलो क्षेत्र धरासायी हुने निश्चित रहेको आँकलन गरिएको छ, त्यसकारण उक्त निर्देशिकामा संलग्न तिन महले अनुसार संशोधन गरी सहयोग लागि अनुरोध गर्दछौं ।

भवदीय,

कृष्णप्रसाद आचार्य

अध्यक्ष


Heritage Plaza II, Kamaladi, PO Box 20010, Kathmandu Nepal, Tel. (+) 977-1-4169175 Fax. (+) 977-1-4169175 Email:info@ippan.org.np URL: www.ippan.org.np

# "विद्युत सम्बन्धि कम्पनिको शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति सम्बन्धि निर्देशिका, २०७६"

लाखौं नेपाली जनताको लगानी रहेका नीजि क्षेत्रका जलविद्युत आयोजनाहरुलाई नियमन गर्न गठित विद्युत नियमन आयोगले प्रस्ताव गरेको विद्युतसम्बन्धी कम्पनीको शेयरको निष्काशनको पूर्वस्वीकृति सम्बन्धी निर्देशिका, २०७८ संशोधन गर्नुपर्ने बुँदाहरु

| क्र.स. | प्रस्तावित | संशोधन वा थप गर्नुपर्ने | कैफियत |
|---|---|---|---|
| १. | **२. परिभाषा**<br>(ठ) नभएको । | (ठ) "आधारभूत शेयरधनी" भन्नाले अनुमति प्राप्त कम्पनीको शेयरको सार्वजनिक निष्कासनको समयमा कायम रहेको चुक्ता पूँजीको एक (१) प्रतिशत वा सोभन्दा बढी शेयर ग्रहण गरेको व्यक्ति वा संस्था तथा सञ्चालक समितिको सदस्य सम्झनु पर्छ । | आधारभूत शेयरधनीको परिभाषा नभएकोले थप गर्नुपर्ने । |
| २. | **४. शेयरको प्रारम्भिक निष्कासन:**<br>(४) आयोजनाको कुल लागतमा ऋण र स्वलगानी सामान्यत: ७०:३० अनुपात कायम हुनु पर्नेछ । | **४. शेयरको प्रारम्भिक निष्कासन**<br>(४) हटाउनु पर्ने । | लगानीकर्ता र बैंकहरुको आपसी सहमतिमा स्वलगानी र ऋण लगानी अनुपात कायम गर्ने . "धितोपत्र, दर्ता तथा निष्कासन नियमावली, २०७३" बमोजिम । |
| | (५) उपदफा (४) बमोजिन स्वलगानीको अनुपात तिस वा सोभन्दा कम भएको अवस्थामा कुल स्वलगानीको अधिकतम ४९ प्रतिशतसम्म कायम हुन आउने शेयर पूँजीको लागी प्रारम्भिक निष्कासन गर्न पूर्व स्वीकृति प्रदान गर्न सकिनेछ । | (५) प्रचलित कानुन बमोजिम अधिकतम ४९ प्रतिशतसम्म कायम हुन आउने शेयर पूँजीको लागी प्रारम्भिक निष्कासन गर्न पूर्व स्वीकृति प्रदान गर्न सकिनेछ । | आवश्यक नरहेकोले । |
| | (६) उपदफा (४) बमोजिम स्वलगानीको अनुपात तिस भन्दा बढी भएको अवस्थामा कुल स्वलगानीको अधिकतम ३० प्रतिशतसम्म कायम हुन आउने शेयर पूँजीको लागी प्रारम्भिक निष्कासन गर्न पूर्व स्वीकृति प्रदान गर्न सकिनेछ | (६) हटाउनु पर्ने । | ऋण तिर्न प्रयोग भएतापनि आयोजनाको लागत नबढ्ने । |
| | (९) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माणाधिन आयोजनाले ऋण तिर्ने प्रयोजनार्थ सार्वजनिक शेयर निष्कासन गर्न पाईने छैन । | (९) हटाउनु पर्ने । | |

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION
स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल
२०५७
IPPAN 2001

| | | | |
|---|---|---|---|
| ३. | **५. संस्थागत लगानीको लागि हकप्रद शेयरको सार्वजनिक निष्कासन** | **५. संस्थागत लगानीको लागि हकप्रद शेयरको सार्वजनिक निष्कासन** | |
| | ५(२) यस दफा बमोजिम हकप्रद शेयरको निष्कासनको लागि निवेदन दिंदा सहायक कम्पनीमा मूख्य कम्पनीको र संगठित संस्थाको कति कति प्रतिशत शेयर कायम रहने हो सोको विवरण पेश गर्नु पर्नेछ। | यस दफा बमोजिम हकप्रद शेयरको निष्कासनको लागि निवेदन दिंदा सहायक कम्पनीमा मूख्य कम्पनी, संगठित संस्था र प्राकृतिक व्यक्तिहरुको कति कति प्रतिशत शेयर कायम रहने हो सोको विवरण पेश गर्नु पर्नेछ। | कम्पनी कानूनले स्पष्ट रुपमा हाइड्रोपावर कम्पनीहरुको सूचिकृत हुने शेयर मध्येबाट १० प्रतिशत स्थानिय र संचालक समितिको निर्णयानुसार कम्पनीको कर्मचारीहरुलाई पनि शेयर उपलब्ध गराउने कुरा उल्लेख भए बमोजिम संगठित संस्थाहरु मात्र उल्लेख गर्दा व्यवहारिक हुदैन । त्यसकारण प्राकृतिक व्यक्तिहरु पनि शेयर सदस्य हुन सक्ने प्रावधान जरुरी भएकाले। |
| | ५(३)(क) मूख्य कम्पनी विगत तिन आर्थिक बर्षदेखि खुद मुनाफामा रहेको हुनु पर्नेछ। <br><br> **(३)(ख) मुख्य कम्पनीले सहायक कम्पनीको चुक्ता पुजीको कम्तिमा ५०% भन्दा बढी अंश ग्रहन गरेको हुनुपर्नेछ** | मूख्य कम्पनी/आयोजनाको व्यापारिक उत्पादन भएको हुनु पर्नेछ। <br> **मुख्य कम्पनीले अन्य कम्पनीमा हकप्रद बराबरको अंश वा सो भन्दा बढी ग्रहन गरेको हुनुपर्नेछ।** | **स्वदेशी पुजि परिचालन गरि जलविद्युत प्रवर्द्धन गर्न साना जलविद्युत आयोजनाहरुको हकप्रदबाट प्राप्त रकम त्यस भन्दा ठूला आयोजनाहरुमा लगानी गर्दा यस निर्देशिकामा उल्लेख भए बमोजिम ५० प्रतिशत भन्दा बढी शेयर अंश ग्रहण गर्न सक्ने देखिदैन हकप्रद मार्फत प्राप्त रकम कम्पनीको ५०% अंश भन्दा कम वा बढी हुन सक्ने भयकोले** |
| | ५(१०) यस दफाबमोजिम हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। | (१०) यस दफाबमोजिम हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनी (धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष पुरा नभएमा) र आधारभूत शेयरधन्नी (धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष पुरा भएमा) का लागि शेयर निष्कासन गर्नु पर्नेछ। | "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" बमोजिम धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्षसम्म बिक्रि गर्न नपाईने । |
| | ५(११) हकप्रद शेयरको निष्कासन गर्दा उपदफा (१०) बमोजिम संस्थापक शेयरधनीले पूरा रकम चुक्ता गरे नगरेको जानकारी समेतको विवरण प्रकाशन गरी सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ। | (११) हकप्रद शेयरको निष्कासन गर्दा उपदफा (१०) बमोजिम संस्थापक शेयरधनी वा आधारभूत शेयरधनीले पूरा रकम चुक्ता गरे नगरेको जानकारी समेतको विवरण प्रकाशन गरी सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ। | |

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल २०४७ IPPAN 2001

| | | | |
|---|---|---|---|
| ४. | **६. निर्माणाधिन आयोजनाको लागि हकप्रद शेयरको सार्वजनिक निष्कासन**<br><br>६(६) हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ । | **६. निर्माणाधिन आयोजनाको लागि हकप्रद शेयरको सार्वजनिक निष्कासन**<br><br>(६) हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनी (धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष पुरा नभएमा) र आधारभूत शेयरधनी (धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष पुरा भएमा)का लागि शेयर निष्कासन गर्नु पर्नेछ । | "धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३" बमोजिम धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष सम्म बिक्रि गर्न नपाईने । |
| | ६(७) उपदफा (६) बमोजिम हकप्रद शेयरको निष्कासन गर्दा संस्थापक शेयरधनीले पूरा रकम चुक्ता गरे नगरेको विवरणको जानकारी समेत प्रकाशन गरी सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ । | (७) उपदफा (६) बमोजिम हकप्रद शेयरको निष्कासन गर्दा संस्थापक शेयरधनी वा आधारभूत शेयरधनीले पूरा रकम चुक्ता गरे नगरेको विवरणको जानकारी समेत प्रकाशन गरी सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ । | आवश्यक रहेकोले । |
| ५. | **७. अन्य प्रयोजनको लागी शेयरको सार्वजनिक निष्कासन र**<br>७(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोजनाको ऋण तिर्ने र अन्य अनुमतिपत्र प्राप्त कम्पनीमा लगानी गर्ने प्रयोजनका लागी हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्न पाइने छैन । | **७. अन्य प्रयोजनको लागी शेयरको सार्वजनिक निष्कासन र**<br>७(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि आयोजनाको व्यापारिक उत्पादन भए पश्चात आयोजनाको ऋण तिर्ने र अन्य अनुमतिपत्र प्राप्त कम्पनीमा लगानी गर्ने प्रयोजनका लागी हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्न पाइने छ । | स्वदेशी पुजि परिचालन गरि जलविद्युत प्रबर्द्धन गर्ने कंम्पनी ऐनको दफा ५६ बमोजिम कुनै पनि कम्पनीको लगानीकर्ताहरुको सामुहिक निर्णय साधारण सभा हो र साधारण सभाको निर्णय बमोजिम बैंकको ऋण तिर्ने वा अन्य लगानी गर्न उनिहरु स्वतन्त्र छन् । यस्ता किसिमका वांक्याशहरुले लगानी कर्ताहरु मनोबल गिर्ने र अन्य अयोजनाहरुमा लगानी नगर्ने साथै नेपालको संविधानको मौलिक अधिकारमा उल्लेख भएको सम्पती सम्बन्धी कानूनको मर्म र भावना विपरित भएको हुदा । |
| ६. | **९. पूर्व स्वीकृति सम्बन्धमा निर्णय :** रितपूर्वक निवेदन प्राप्त भएको मितिले पैंतालिस दिनभित्र आयोगले शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति सम्बन्धमा निर्णय गर्नेछ । | **९. पूर्व स्वीकृति सम्बन्धमा निर्णय :** रितपूर्वक निवेदन प्राप्त भएको मितिले पन्ध्र (१५) दिनभित्र आयोगले शेयरको सार्वजनिक निष्काशनको पूर्वस्वीकृति सम्बन्धमा निर्णय गर्नेछ । | जलविद्युत आयोजनाहरुको लगानी अत्याधिक ठूलो आकारको हुने र आयोगमा दर्ता भएका सबै कागजातहरु विभिन्न विभाग र निकायहरुबाट प्रमाणित भइसकेको हुने हुनाले लामो समय लगानु पनै देखिदैन । यसरी लामो समय लिदा आयोजनाको सयमावधि लामो भई लागतमा प्रभाव पर्ने देखिन्छ । |

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION
स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल
२०५७
IPPAN 2001

| | | | |
|---|---|---|---|
| ७. | **११. संस्थापक शेयरको खरिद बिक्री र धितोपत्र बजारमा सूचिकरण :**<br><br>(२). प्रारम्भिक शेयर निष्काशन भई प्रचलित कानुन बमोजिम धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष पुरा भएपश्चात निष्काशनका बखत कायम रहेको एक प्रतिशत भन्दाकम शेयर ग्रहण गरेका संस्थापक शेयर धनिको शेयरमात्र धितोपत्र बजारमा खरिदबिक्री हुन सक्नेछ ।<br><br>(३). प्रारम्भिक शेयर निष्काशन भई प्रचलित कानुन बमोजिम धितोपत्र बजारमा सूचिकृत भएको मितिले तिन वर्ष पुरा भएपश्चात आयोगको पूर्व स्वीकृति लिई संस्थापक शेयर धनिले आफ्नो स्वामित्वको एकाउन्न प्रतिशत शेयर कम्पनिमा कायमै राखि बाकी शेयर धितोपत्र बजारमा खरिदबिंक्री हुन सक्नेछ ।<br><br>(४). उपदफा (२) बमोजिम तिन वर्ष पुरा भएको र बैंक तथा वित्तिय संस्थाको ऋण समेत चुक्ता भईसकेको अवस्थामा आयोगको पूर्व स्वीकृति लिई संस्थापक शेयर धनिको कम्पनिमा पच्चिस प्रतिशत शेयर कायम राखि बाकी शेयर धितोपत्र बजारमा खरिदबिक्री हुन सक्नेछ ।<br><br>(५). उपदफा (३) बमोजिम संस्थापक शेयर धनिको कम्पनीमा रहेको पच्चिस प्रतिशत शेयर आयोजनाको अनुमतिपत्रको अवधिसम्म कायम रहनुपर्नेछ । | **११. संस्थापक शेयरको खरिद बिक्री र धितोपत्र बजारमा सूचिकरण :**<br><br>(२) हटाउनु पर्ने ।<br><br>(३) हटाउनु पर्ने ।<br><br>(४) हटाउनु पर्ने ।<br><br>(५) हटाउनु पर्ने । | सम्पती सम्बन्धी मौलिक हक तथा धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को प्रस्तावना भन्दा बाहिर, नीति तथा नियमनहरु प्रगतिशिल तथा सुधार्नुख हुनुपर्ने बिश्वव्यापी मान्यता भन्दा फरक, बैंक तथा बित्तिय नियमनभन्दा पनि नियन्त्रनुखि यो व्यवस्थाले संस्थापक शेयर सदस्यले लगानी नगर्ने हुंदा आयोजना निर्माणनै हुन नसक्ने अवस्था श्रुजना भएर स्वदेशी पुजि प्रबर्धन गरि जलविद्युत प्रबर्द्धन गर्ने सरकारी सोच तथा लक्ष्य समेत प्राप्त नहुने हुदा जलविद्युत आयोजनाहरु अन्य कम्पनीहरु जस्तो सयौ वर्षको लागि नभई केवल ३५/४० वर्षको लागि मात्र नेपाल सरकारसग सम्फौता गरी निर्माण सम्पन्न भएकोले यस्ता आयोजनाहरुमा शेयरहरु विक्रीवितरण गर्न पूर्ववत नियम कानूनलाई अग्रगामी बनाउनु पर्नेमा पश्चागामी बनेको देखिन्छ ।<br>नेपालको संविधान २०७२ को मौलिक अधिकारको सम्पती सम्बन्धी कानून प्रभावित भएको देखिन्छ । लगानीकर्ताहरुलाई निरुत्साहित बनाउन तथा आयोजनाहरुमा लगानी गरेका लगानीहरु लगानीकर्ताले चाहेको बेलामा विक्रीवितरण गर्न नपाउने हुंदा यस्ता आयोजनाहरुमा लगानी शुन्य हुन्छ ।<br>यस्ता किसिमका प्रावधानहरुले कम्पनीमा लगानी गर्नेहरुको सम्पूर्ण अधिकारहरु बञ्चित गर्ने र जलविद्युत विकासको सम्भावनाहरुको अन्त्य गर्ने देखिन्छ । अनुभवि लगानीकर्ताहरुलाई अन्य लगानीको वातावरण बन्द हुन्छ र बजारमा प्रर्वद्धकहरको भन्दा शेयरको दोश्रो बजारमा खेल्ने रमाउनेहरुको लागिमात्र बनेको जस्तो देखिन्छ । |

INDEPENDENT POWER PRODUCERS' ASSOCIATION IPPAN 2001